सिलीचोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयद्वारा प्रकाशित

# स्थानीय राजपत्र

## खण्डः १, संख्याः२ , भागः १

सिलीचोङ गाउँपालिका

सिलीचोङ गाउँ कार्यपालिकाको कार्यालय

# सिलीचोङ गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने )ऐन, २०७४

## प्रमाणिकरण मितिः २०७४/०५/०८

**प्रस्तावना:** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरि सिलीचोङ गाउँपालिकाको गाउँसभाले यो ऐन बनाई जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम " **सिलीचोङ गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने )ऐन, २०७४** " रहेको छ ।

(२) यो ऐन सिलीचोङ गाउँपालिका क्षेत्रभित्र तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) **"ऐन"** भन्नाले सिलीचोङ गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने )ऐन, २०७४ सम्झनु पर्छ ।

(ख) **"कार्यपालिका"** भन्नाले सिलीचोङ गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ग) **"गाउँपालिका"** भन्नाले सिलीचोङ गाउँपालिका सम्झनु पर्छ ।

(घ) **"सभा"** भन्नाले संविधानको धारा २२२ बमोजिमको सिलीचोङ गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्छ ।

(ङ) **"संविधान"** भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

**३. नियम बनाउने अधिकार :** (१)नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिदिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको लागि सिलीचोङ गाउँपालिकाको गाउँ कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तशको क्षेत्रअधिकार भित्र पर्ने

विषयमा मात्र बनाउनु पर्नेछ ।

सिलीचोङ गाउँ कार्यपालिकाको कार्यालय

**४. निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने :** संविधान, अन्य प्रचलित ऐन तथा यस ऐन र ऐन अन्तर्गत बनेको नियमावलीको

अधिनमा रही सिलीचोङ गाउँ कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागु गर्न सक्नेछ ।

**५. प्रचलित नेपाल कानून बमोजिम हुने :** यस ऐन बमोजिम गाउँपालिकाको अधिकार क्षेत्रभित्रका विषयमा नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई जारी नगरेसम्म प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

**आज्ञाले,**

मोहन प्रसाद निरौला
प्रमुख प्रशासकीय अधिकृत

सिलीचोङ गाउँ कार्यपालिकाको कार्यालय